तिलाठी कोइलाडी गाउँपालिका, तिलाठी सप्तरी

२०७६/१२/३० गते

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि भइरहेको गतिविधिहरु :

तिलाठी कोइलाडी गाउँपालिकाले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणकालागि २०७६/१०/२५ गतेदेखि २०७६/१२/११ गतेसम्म बोर्डरमा हेल्थ डेस्क राखिएकोमा गरी २ हजार ७१३ जनाको परीक्षण गरियो ।

क्वारेन्टाइन

| स्थान | बेड संख्या | कूल भर्ना ब्यक्ति | डिस्चार्ज गरिएको | आजको मितिमा रहेको | क्वारेन्टाइन सुरु गरिएको मिति |
|---|---|---|---|---|---|
| मावि कट्टी | ३५ | २३ | ११ | १२ | २०७६ चैत्र १२ गते |
| तिलाठी | २० | १३ | ८ | ५ | २०७६ चैत्र १३ गते |

क्वारेन्टाइनमा २४सै घण्टा स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी र एम्बुलेन्स सेवा रहने ब्यवस्था गरिएको छ ।

- गाउँपालिकाभित्र लाग्ने गरेको सबै किसीमको बजार तथा हाटहरु, पसलहरु चैत्र १० गतेदेखि नै बन्द गरिएको छ ।
- कोरोना सम्बन्धी कार्यहरुको रेकर्डिङ्ग रिपोर्टिङ्गका लागि जनस्वास्थ्य अधिकृत भूपेन्द्र झालाई फोकल पर्सन तोकि कामकाज भईरहेको ।
- नियमित रुपमा सबै वडामा कोरोना सम्बन्धी मैथिली भाषामा माइकिङ्गमार्फत सन्देश प्रवाह गर्ने गरिएको छ ।
- गाउँपालिका अन्तर्गतको सबै निकायमा हात धुने ब्यवस्था मिलाइएको छ । जसको लागि आवश्यक सामग्रीहरु तथा स्यानिटाइजर र प्रचार सामग्री समेत पठाइएको छ ।
- गाउँपालिका अन्तर्गतको सवै निकायमा कर्मचारी तथा सेवाग्राहीलाई संस्था प्रवेश गर्नु अगावै साबुन पानीले अनिवार्य रुपमा हात धुने ब्यवस्था मिलाइएको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अफिसर डा. राहुल झाको नेतृत्वमा Rapid Response Team तयारी अवस्थामा रहेको छ ।
- स्थानीय विपद् ब्यवस्थापन समितिको निर्णय बमोजिम गाउँपालिकाभित्र रहेका होटल तथा मदिरा पसलहरुलाई बन्द गर्न माइकिङ्ग गर्ने कार्य थालिएको छ ।
- गाउँपालिकास्थित विभिन्न निकायहरुमा कोरोना भाइरसबाट बच्न अपनाउनुपर्ने सावधानी तथा उपायहरुका ब्यानर राखिएको छ । बैंक तथा वित्तिय संस्थामा समेत ब्यानर राखिएको छ ।

हालसम्म वितरण गरिएको सामानहरुको विवरण

- मास्क ३१ हजार
- साबुन २१ हजार
- स्यानिटाइजर १०० एमएलको २०० पिस
- स्यानिटाइजर २ लिटरको २१ थान
- टुटी भएको बाल्टिन २०० थान
- बाटा २५ थान
- ग्लब्स ५ हजार
- सर्जिकल मास्क २ हजार
- थर्मो गन २ थान
- पिपिई ४ थान

- चैत्र १७ गतेदेखि पहिलो चरणमा ८ वटै वडामा किटनाशक औषधि छर्किने काम सुरु गरिएको छ भने दोस्रो चरणको चैत्र २७ गतेबाट छर्किन सुरु गरिएको
- चैत्र १८ गतेदेखि लामखुट्टे मार्ने औषधि छर्किने कार्य सुरु गरिएको । चैत्र २७ गतेबाट दोस्रो चरणमा छर्किन सुरु गरिएको ।
- चैत्र २७ गतेदेखि खेतमै रहेको किसानहरुको गहुँ गाउँपालिकाबाटै निःशुल्क रुपमा कटान सुरु गरिएको छ ।
- गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजुकुमार झा, जनस्वास्थ्य अधिकृत भूपेन्द्र झा, विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, स्वास्थ्य शाखा प्रमुख शैलेश मिश्र र जनस्वास्थ्य निरीक्षक दिपक मण्डलले निरन्तर रुपमा अनुगमन गर्ने गरेको ।
- राहत वितरणको लागि खाद्यान्न आपूर्ति गर्न टेन्डर स्वीकृत भईसकेको छ । प्रति परिवार १५ किलो चामल, दाल २ किलो, खाने तेल १ लिटर, नुन १ किलोको दरले वितरण गर्ने निर्णय भएको ।